# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ ४-२६२८०१, ४२५८१२२ ४-२६२८९५, ४-२५०३१६ — २६०४, २६०५, २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं. १५०६०

मितिः २०७६।०९।०१

उच्च अदालत/इजलास सबै

जिल्ला अदालत सबै

**विषयः- मासिक प्रतिवेदनका फाराम तथा प्रगति समीक्षा सम्बन्धमा**

न्यायपालिकाको चौथो पञ्चबर्षीय रणनीतिक योजना (२०७६/०७७-२०८०/८१) को प्रभावकारी कार्यान्वयनका लागि योजनाले निर्दिष्ट गरे बमोजिम सबै अदालतहरुले आर्थिक बर्ष २०७६/०७७ का लागि वार्षिक कार्ययोजना बनाई कार्यान्वयनमा ल्याएको विषय विदितै छ। उक्त वार्षिक कार्ययोजनामा रणनीतिक योजनाको अधिनमा रही मुद्दा फछर्यौट लगायत विभिन्न क्रियाकलापको अदालतहरुले लक्ष्य निर्धारण गरी कार्यान्वियनको क्रममा रहेको छ। वार्षिक कार्ययोजनामा निर्धारित वार्षिक तथा मासिक लक्ष्य अनुसार प्रगति हासिल भए नभएको र कार्यान्वयनका सन्दर्भमा कुनै कठिनाई भए समयमै सम्बोधन हुन सकोस भनी रणनीतिक योजनाको उद्देश्य नं.४.६ ले अदालतहरुको कार्यप्रगतिको मासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक समीक्षा गर्ने व्यवस्था गरेको छ। यसरी वार्षिक कार्य योजनाको कार्यान्वयन प्रगति सम्बन्धमा मासिक प्रतिवेदन मार्फत लक्ष्य बमोजिमको प्रगति विवरण उपलब्ध गराउन तथा आवधिक समीक्षा गर्दा तथ्याङहरुको प्रस्तुतीमा एकरुपता कायम गर्न मासिक प्रतिवेदनको फाराम र योजना कार्यान्वयनको आवधिक समीक्षाको प्रस्तुतीका ढाँचाहरु निर्देशानुसार यसै साथ पठाइएको छ। तसर्थ, मासिक प्रतिवेदन तथा समीक्षा कार्यक्रमहरुको प्रस्तुती र छलफल सम्वन्धमा देहायबमोजिम गर्नु गराउनु होला।

देहायः

- जिल्ला अदालतहरुले जरिवाना, विगो र क्षतिपूर्तीको लगत राख्ने उद्देश्यले निर्धारित मुलुकी फौजदारी कार्यविधी नियमावली, २०७५ को अनुसूची २५ बमोजिमको लगत किताबमा विवरण अनिवार्य रुपमा भरी यसै साथ पठाइएको अनुसूची २१क को फाराम बमोजिम मासिक प्रतिवेदन तयार गरी पठाउनु होला।
- उच्च अदालतहरुको हकमा योजनाको लक्ष्य र प्रगतिको मासिक प्रतिवेदनको फाराम अनुसूची १क थप गरिएको र साविकको फाराम नं. ४ लाई परिमार्जन गरी पठाइएको तथा जिल्ला अदालतको हकमा मासिक प्रतिवेदनको फाराम २क थप र साविकको ६ र ७ नं. लाई परिमार्जन गरी पठाइएको छ। सो बमोजिमको विवरण पौष मसान्तदेखि मासिक रुपमा प्रतिवेदनमा समावेश गरी पठाउनु होला।
- वार्षिक कार्य योजनाको आवधिक समीक्षा गर्दा वार्षिक कार्ययोजना तर्जुमा गर्दा निर्धारण गरेको लक्ष्य र प्रगति खुल्ने गरी मासिक तथा चौमासिक समीक्षा गर्न यसै साथ पठाइएको फारमका ढाँचालाई आधार मानी समीक्षा गरी चौमासिक समीक्षाको प्रतिवेदन सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखामा पठाउनु होला।

ठाकुरप्रसाद पौडेल
अनुसन्धान अधिकृत

वार्षिक कार्ययोजनाको आवधिक समीक्षामा एकरुपता कायम गर्ने सन्दर्भमा यसै साथ संलग्न प्रतिवेदन फारमहरु पठाउनका लागि मातहतमा पत्राचार गर्न उपयुक्त देखिँदा पत्रको व्यहोरा स्वीकृति बमोजिम फारमहरु पेश गरेको छु श्रीमानको जो आदेश

०७६।९।१